स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फुलखेक, धादिङ

बागमती प्रदेश, नेपाल

## आमाबाबु विहिन बालबालिका संरक्षण भत्ता सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०७७/०६/०८**

यस गंगाजमुना गाउँपालिकामा रहेका आमा बाबु दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितताको लागि गाउँपालिकाको आ.व. २०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम** मार्फत त्यस्ता लक्षित समुहका प्रति बालबालिकाका लागि **मासिक रु २०००/- (अक्षरेपी दुई हजार मात्र)** का दरले भत्ता वितरण गर्नुपर्ने भएको हुँदा आमा र बाबु दुवैको मृत्यु भएको वा दुवै वेपता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भै अरुको सरंक्षणमा रहेका १८ वर्ष उमेर पुरा नगरेका बालबालिका तथा निजका संरक्षकले निवेदन (गाउँपालिकाले उपलब्ध गराएको निवेदनको ढाँचा) सहित तपसिलका कागजात आ-आफ्नो वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु**

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)

२. बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चितीमा परेको प्रमाणित कागजात,

३. विद्यालयमा भर्ना भै नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालवालिकाको हकमा मात्र),

४. संरक्षकको नागरिकताको प्रतिलिपि,

५. अन्य कुनै पनि प्रकृतिको भत्ता प्राप्त नगरेको भनी सम्बन्धित वडाको सिफारिस पत्र ।

(*पुनश्च*: उल्लेखित कागजात संलग्न नगरी पेश हुन आएका निवेदन उपर कार्यालयले प्रक्रिया अगाडी नवढाएको खण्डमा कुनै वाधा पर्नेछैन ।)

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

# निवेदनको ढाँचा

मितिः....../....../.......

श्रीमान वडा अध्यक्षज्यु

.........नं वडा कार्यालय

गंगाजमुना गाउँपालिका, धादिङ ।

**विषयः बालबालिका संरक्षण भत्ता उपलब्ध गराई पाउँ ।**

प्रस्तुत विषयमा गंगाजमुना गाँउपालिका, वडा नं. .....,..............................टोल स्थायी ठेगाना भएको श्री ...........................................................................को (नाती/नातिनी) श्री.............................................................................................को (छोरा/छोरी) श्री ....................................................वर्ष .................को आमा र बाबु दुवै गुमाएको वा दुवै वेपत्ता भएको हुँदा (निजको /मेरो) शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण कार्यक्रम अन्तर्गत निज (बालक/बालिका/म) तोकिएको लक्षित समुहमा पर्ने भएकाले मासिक रु २०००/- भत्ता प्राप्त गर्न योग्य भै निवेदनका साथ देहायको कागजातहरु पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**आवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि),
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चितीमा परेको प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भै नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र),
- संरक्षकको नागरिकताको प्रतिलिपि,
- अन्य कुनै पनि प्रकृतिको भत्ता प्राप्त नगरेको भनी सम्बन्धित वडाको सिफारिस पत्र ।

**निवेदक/संरक्षकको**

दस्तखतः

नाम, थरः

ठेगानाः

सम्पर्क नं.:

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner